# नेपाली सांस्कृतिक लौकिक न्यायको अन्तर्वस्तु

डा. सुशीलकुमार अधिकारी, उपप्राध्यापक, संस्कृति विभाग,
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
Email: adhikarisushil2024@gmail.com

**सार**

प्रस्तुत लेख नेपाली लौकिक न्यायको अन्तर्वस्तु तथा नेपाली लौकिक न्यायको सांस्कृतिक पक्षको तुलनामा केन्द्रित छ। गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस लेखमा प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको उपयोग भएको छ। पुस्तकालयीय कार्य र क्षेत्रान्वेषणबाट प्राप्त सामग्रीका आधारमा तयार भएको यस लेखको सैद्धान्तिक आधार संस्कृतिसम्बन्धी मान्यता र अवधारणा नै हो। नेपाली समाज बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक सामाजिकता र राष्ट्रियताबाट निर्माण भएकाले यस विविधताभित्र रहेका ज्ञानसम्बन्धी दृष्टिकोण तथा तिनले प्रतिबिम्बन गरेको समान अवधारणाको विश्लेषण यस लेखमा भएको छ। यस लेखमा नेपाली र राई वान्तवा भाषामा ज्ञान र यसको सांस्कृतिक आधारको विश्लेषण र तुलनात्मक अध्ययन गरी प्राचीन वाङ्मयमा अभिव्यक्त भएका दृष्टिकोण तथा मौलिक संस्कृतिलाई अङ्गीकार गर्ने जनजातीय संज्ञानमा ज्ञानको स्थान र अवधारणा समान रहेको विषयमा विमर्श भएको छ।

*शब्दकुञ्जी* : ज्ञान, संस्कृति, सांस्कृतिकता, लौकिक न्याय, किरात दर्शन, आर्य संस्कृति

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८९/१०/२२, लेख पुनरावलोकन मिति : २०८०/११/२६, लेख स्वीकृत मिति : २०८१/०१/१०
DOI: https://doi.org/10.3126/sahayaatra.v7i1.66231. Journal home page: https://nepjol.info/index.php/sahayaatra.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

प्रस्तुत लेख लौकिक न्याय र यसका अभिलक्षणको विश्लेषणमा केन्द्रित छ। लौकिक न्याय लामो सांस्कृतिक अभ्यास र तिनले निर्माण तथा विश्वास गरेका लोकसम्पत्ति र संस्कृतिका परिचायक अभिव्यक्ति हुन्। समाजमा विलक्षणका ऐतिहासिक घटनाहरू घट्ने गर्छन्। लौकिक न्याय मानिसका जीवनमा घटेका घटना तथा त्यसको लामो सांस्कृतिक अभ्यासलाई सूचित गर्ने सूत्रबद्ध उक्तिहरू हुन्। लौकिक न्यायको प्रयोग र त्यसले संवहन गर्ने सन्दर्भ मानिसबीच हुने कुराकानी, संवाद, वादविवाद, वार्तालाप, प्रवचन र गोष्ठीजस्ता समयमा प्रस्तुत हुने गर्छन्। प्रायः दृष्टान्त दिँदा यी प्रयोगमा आउँछन्। लौकिक न्यायलाई अङ्ग्रेजहरू maxim भन्दछन्। यी नीति नियम, उपदेश, अर्ती दिने सूत्रात्मक वचनहरू हुन्छन्। लोकले बर्षौं बर्ष सँगसँगै हिँडाएका रीति, नीति, नियम, पद्धति, प्रथा/परम्परा, विधि, सिद्धान्त र व्यवहारका सूत्रहरू दृष्टान्त दिँदै गर्दा प्रयोग भएका हुन्छन्। तिनैलाई लौकिक न्याय भनिन्छ। यी समाजका रूढ वाक्य हुन्। यिनको संरचना आकार–प्रकार सूक्ष्म हुन्छ। भावार्थ गहन र गुह्य हुन्छ। यी सार वाच्य हुन्छन्। यी लौकिक दृष्टान्तहरू बहुप्रचलित र चर्चित हुन्छन्।

लौकिक न्यायलाई उपमा, दृष्टान्त, कथनका नीतिनियमहरू, सिद्धान्त, सूत्रकथन, उक्ति, कहानीका अंश, विशिष्ट अर्थ र विशेष कार्यका लागि प्रयोगमा ल्याइन्छ र गरिन्छ। न्यायले प्रमाणका आधारमा निर्णय गर्छ। तर्कद्वारा निष्कर्षतर्फ उन्मुख बनाउँछ। निर्णय दिन्छ। हक, अधिकार, कर्तव्य र उत्तरदायित्वको विषयमा बहस गर्छ र निर्णय दिन्छ। यसमा ध्वन्यात्मक भावहरू हुन्छन्। यसले तर्क गर्न सिकाउँछ। मानिसलाई व्यवहारिक बनाउँछ र मानवताप्रति संवेदनशील हुने ज्ञान बढाउँछ। यो लक्षणा र व्यञ्जना र व्यङ्ग्यार्थका रूपमा प्रयोगमा आउँछ। लोक प्रसिद्ध उक्तिहरूलाई संस्कृतले न्याय मान्यो। लौकिक न्याय एक अर्का बीचमा समानता र भिन्नता दुबै पाइन्छ। कतिपय अवस्थामा यी भिन्न पनि छन्। यिनको सूक्ष्म अध्ययन गर्दा तुलनात्मक अध्ययन पनि हुनसक्तछ। लौकिक न्याय पदावलीका रूपमा आउँदछन्। मत्स्यन्याय एक पदीय छ तर बीजाङ्कुर न्यायमा दुई पद छन् तापनि यी दुवै न्यायका आधारमा पूर्ण अभिव्यक्ति हुन्। लोकजीवन र लोकसाहित्यले लौकिक न्यायलाई सदुपयोग गर्छ। लौकिक न्यायमा मानवीय संस्कृतिका अनेकौं सन्दर्भ

घुलनशील र रसायन भएर निश्चित र विराट ज्ञानको सम्पुञ्जका रूपमा अभिव्यक्त भएका हुन्छन् । लौकिक न्यायको संरचना लौकिक न्याय र उखानजस्तै भए पनि अर्थ र भावगत विराटताका कारण यसको क्षेत्र व्यापक हुन्छ । लौकिक न्यायलाई अध्ययन गर्ने विविध प्रतिमानका साथै सिद्धान्त भए पनि यस लेखमा नेपाली र किरात संस्कृतिमा प्रस्तुत ज्ञानसम्बन्धी लौकिक न्याय र तिनमा प्रस्तुत भएका अन्तर्वस्तुगत अन्तर्सम्बन्धको मात्र विवेचना भएको छ ।

लौकिक न्याय लौकिक न्याय र सूक्तिका रूपमा समाजमा विद्यमान ज्ञान र संस्कृतिको प्रतिनिधि विधाका अतिरिक्त लोकसाहित्यका रूपमा पनि अध्ययन गरिने विषय हो । संस्कृत भाषा र साहित्यको समृद्ध परम्परामा लौकिक न्यायको भूमिका मानवीय संस्कृति, सांस्कृतिकता तथा तिनमा अवशिष्ट ज्ञानको क्षेत्रलाई सूक्ष संरचनामा समावेश गर्नसक्ने सामथ्य भएका अभिव्यक्ति हुन् । संस्कृत वाङ्मयमा मौखिक कथ्यका रूपमा अस्तित्वमा रही लिप्यन्तरण भएका यी लौकिक न्यायको विशेषता नेपाली समाज र सांस्कृतिक विविधतासँग निकट छन् । नेपाली लोकजीवनले व्यवहार गर्ने अनेकौं श्रुतिमा लौकिक न्यायको परम्परा जीवित र जीवन्त नै छ । समाजलाई उचित दिशानिर्देश गरी ज्ञान र यसको सांस्कृतिक उपादेयताआधारमा समाजलाई सुसूचित गर्ने लौकिक न्याय प्रकारान्तरले समाजमा विद्यमान संस्कृति र त्यसमा निहित ज्ञानलाई प्रकाशवान् तुल्याउने आधार हो ।

परम्परामा विधिहरूबाटै धेरैवटा अंशलाई सङ्कलन गरी तिनको नेपालीमा भाव लिँदै निर्माण गरिएका माला वा हारहरू न्यायवलि हुन् भनी चिनाउने यो लेखको उद्देश्य हो । न्यायवलिले समाजलाई नियम कानुनमा हिँडाउने भूमिका निर्वाह गरेका हुन्छन् । भाषासाहित्यका भण्डारमा त झनै यिनको ठूलो योगदान छ । यिनले भाषालाई समृद्धिशाली बनाउँछन् । न्यायिक चिन्तनबाट समाजलाई दूधको दूध पानीको पानी पारेर लौकिक न्याय दिँदा रहेछन् भनी देखाउने र भाषाबाटै न्याय निसाफ प्रष्टसँग छुट्टयाउने गरिन्छ भन्ने उद्देश्य यस लेखको रहेको छ । लौकिक न्याय र यसका विषयमा अध्ययन गर्ने जिज्ञासु पाठक र अध्येताका लागि पूरक सामग्री रहने यस लेखले यसका बारेमा भएका अध्ययनका साथै यसको लोकजीवनमा उपयोगिताका सम्बन्धमा दिशाबोध गर्ने भएकाले यो औचित्यपूर्ण अध्ययन हो ।

नेपाली समाजको विशेषता विविधता हो । विविधताले निर्माण गर्ने राष्ट्रियता र त्यसको भिन्न पहिचान समृद्ध नेपाली समाजको आधार हो । सांस्कृतिक आदानप्रदान तथा परस्परको प्रभावबाट प्राप्त सृजित सहिष्णुता नेपाली एकता तथा सार्वभौम संस्कृति निर्माणको आधार पनि हो । नेपालमा बोलिने भाषा तथा अवलम्बन गरिने संस्कृतिको विराटतामा अनेक ज्ञानमीमांसा प्राप्त छन् । यी ज्ञानमीमांसा प्रत्यक्ष इन्द्रियगा्रह्य त छँदैछन् यसका अतिरिक्त यिनले प्रतिबिम्बन र प्रतिनिधित्व गरेको ज्ञानराशिका अन्तर्यमा हुने सामाजिक अभ्यास ज्ञाननिर्माणको आदि क्षेत्रका रूपमा नेपाली समाजलाई स्थापित गर्ने विषय हुन् । यो लेख नेपाली समाजमा विद्यमान विराट ज्ञानमीमांसा र तिनले निर्माण गरेको ज्ञानसम्बन्धी दृष्टिकोणको व्याख्यामा केन्द्रित छ । यस लेखले मूलभूत रूपमा समाजमा ज्ञानको उपादेयतालाई पुष्टि गर्ने किरात र संस्कृतबाट नेपाली भाषाले अङ्गीकार गरेको प्रथमतः लौकिक न्याय तीनै आधारमा व्याख्या गर्नसकिने संज्ञानको अभिव्यञ्जना भएका दुई स्थापित सूक्तिले संवहन गर्ने अर्थका सम्बन्धमा तुलनात्मक विमर्श मात्र गरेको छ ।

**समस्याकथन**

प्रस्तुत लेखले उठान गरेको प्रमुख समस्या भन्नु नै नेपाली लौकिक न्यायमा अभिव्यक्त भएका ज्ञान र तिनको सांस्कृतिक आधारको विश्लेषण र तुलना नै हो । नेपाली सांस्कृतिक विविधतासँगै यसका अवस्थिति ज्ञानको विराटता र ज्ञान नै मानव जीवनका लागि सर्वोपरि रहेको सन्दर्भलाई किरात र नेपाली/संस्कृत भाषामा स्थापित ज्ञानसम्बन्धी कथन र त्यसको अन्तर्वस्तुमा रहेको समानताको विश्लेषण हुने यस लेखका लागि निम्नलिखित शोध्यप्रश्नका आधारमा समाधान खोजिएको छ :

(क) नेपाली लौकिक न्यायमा अभिव्यक्ति ज्ञानको सांस्कृतिक आधार केकस्तो छ ?

(ख) किरात लौकिक न्यायमा ज्ञानको सांस्कृतिक आधार कसरी प्रस्तुत भएको छ ?

(ग) नेपाली लौकिक न्यायमा अन्तर्वस्तुगत समानता किन छ ?

उपर्युक्त शोध्यप्रश्नका आधारमा नेपाली लौकिक न्यायमा अभिव्यक्त भएका अन्तर्वस्तुको विश्लेषण ने यस लेखको मुख्य उद्देश्य हो । यस लेखले नेपाली/संस्कृत लौकिक न्याय र किरात लौकिक न्यायमा अभिव्यक्त ज्ञानसम्बन्धी विषयको मात्र विश्लेषण गरेको छ । किरात र नेपाली/संस्कृत भाषाका अतिरिक्त अन्य भाषा र संस्कृतिमा स्थापित ज्ञानवाणीका विषयमा विमर्श नहुनु यस लेखको विषयगत सीमाङ्कन हो । बहुजातीय, भाषिक र सांस्कृति सामाजिक संरचना भएको नेपाली संस्कृतिमा मौखिक वाङ्मयका रूपमा रहेका लौकिक न्याय र त्यसको सांस्कृतिक पक्षको विश्लेषणसम्बन्धी विषका बारेमा आधारभूत ज्ञान प्रदान गर्ने यस लेखको अध्ययनबाट तद्विषयक अध्येता, शोधार्थीलगायत नेपाली संस्कृति र यसको संज्ञानका विषयमा अध्ययन गर्न चाहने पाठकका लागि यो लेख पूरक सामग्रीका रूपमा उपयोगी रहेको छ ।

**शोधविधि**

गुणात्मक अनुसन्धान पद्धति अवलम्बन हुने यस लेखमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग भएको छ । यस लेखका प्राथमिक स्रोतका सामग्री क्षेत्रकार्य र पुस्तकालयबाट सङ्कलन भएको छ । क्षेत्रकार्यअन्तर्गत संस्कृत र किरात भाषामा ज्ञान र समाजलाई पारस्परिक सम्बन्धसँग जोड्ने लौकिक न्यायको सङ्कलन भएको छ । प्राथमिक सामग्री संस्कृत वाङ्मयमा रहेका लौकिक न्याय तथा यसको विश्लेषणसँग सम्बन्धित सामग्रीको सङ्कलन पुस्तकालयबाट भएको छ । यस लेखको सिद्धान्त संस्कृति र यसको अध्ययनसँग सम्बन्धित सम्बन्धित धारणाका आधारमा निर्माण भएको छ । लेखलाई व्यवस्थित र वस्तुनिष्ठ बनाउनका लागि प्राप्त सामग्री र तिनमा प्रतिबिम्बन हुने विषयलाई न्यायोचित् वर्गीकरण गर्ने प्रयास भएको छ । नेपाली समाज, संस्कृति र तद्जन्य लौकिक न्यायसम्बन्धी अवधारणा र त्यसको समीक्षा गरिने यस लेखलाई अर्थापन गर्न विवेचनात्मक र विश्लेषणविधिको उपयोग भएको छ ।

**सैद्धान्तिक आधार**

संस्कृति मानवीय सभ्यतासँग जोडिएर आउने भौतिक, अभौतिक पक्षको संश्लेषित पक्ष र त्यसले निर्देशित गर्ने अनुशासित र व्यवस्थित जीवनपद्धतिलाई संस्कृतिअन्तर्गत राखिन्छ । संस्कृतिको मूलभूत अभिप्राय भन्नु नै जीवनजगत्का लागि परिष्कृत जीवन र त्यसप्रतिको सन्तुलित र सम्यक् विकास हो (आप्टे, सन् २००७, पृ. २६३) । संस्कृति मानव समुदायलाई परस्परमा जोड्ने माध्यम हो । अङ्ग्रेजी भाषामा कल्चर भनिने संस्कृति ल्याटिन भाषाको कल्ट्युरा शब्दबाट विकास भएको निश्चित विभार वा मतको समर्थक भन्ने अर्थद्योतन गर्ने पारिभाषिक शब्द हो (साइकस, २०२, पृ. २६२) संस्कृति बृहत्तर मानव समुदायको आस्था र पहिचानलाई आफ्नो दायरामा समेटेको हुन्छ (अधिकारी, २०७४, पृ. १०) । संस्कृति मानव समाजमा सामूहिक प्रतिबिम्ब र अभिव्यञ्जना हो । संस्कृति भावनात्मक रूपमा जोडिएका समुदायका सदस्य र तिनले गर्ने सामाजिक व्यवहारबाट सिर्जना हुने पद्धतिको नियमित व्यवस्था हो (रेग्मी, २०३५, पृ. १३) । सांस्कृतिकता समुदायलाई भावनात्मक र क्रियात्मक दुवै दृष्टिकोणले परस्परमा जोड्ने भौतिक नभई अभौतिक वस्तु हो ।

सांस्कृतिकता मानव सभ्यताको विकासको शिलशिलासँगै समाजलाई व्यवस्थित गर्न र सामाजिक गतिविधिको व्यवस्थापनका लागि सचेत र असचेत रूपमा निर्मित सामाजिक व्यवहार हो । संस्कृति मानवीय आचार, व्यवहार तथा अभ्यासबाट निर्देशित रही जीवनपद्धतिको सञ्चालन गर्नेसमुदायको सामाजिक अवस्थालाई संस्कृति मानिन्छ (भाटिया र अन्य, सन् २००८, पृ. ५) । संस्कृति समुदायले असचेत रूपमा अवलम्बन गरी त्यसैका सापेक्षमा जीवन सञ्चालन गर्ने पद्धतिका रूपमा समाजमा स्थापित रहने विषय हो । संस्कृति कतिपय अवस्थामा भाषा र कतिपय अवस्थामा सामाजिक व्यवहारबाट निशृत रहेको हुन्छ (भाटिया, सन् २००८, पृ. १६९) । संस्कृतिसम्बन्धी अध्ययन परम्परामा यसका अनेक भेदको परिचर्चा भए पनि मूलत परम्परागत रूपमा मानी आएका विश्वास, प्रथा, परम्परा र त्यसका अन्तर्यमा व्यवहार हुने सामूहिक मतको दृश्य र विश्वासमा आधारित हुन्छन् । संस्कृतिअन्तर्गत प्रत्यक्ष दृश्यका माध्यमबाट पर्यावलोकन गर्नसकिने भौतिक संस्कृतिका परिचायक हुन् (दिवस तथा अन्य, सन् २००७, पृ. ९०) । लौकिक न्याय अभौतिक संस्कृति र

सांस्कृतिकता अभिव्यक्त गर्ने आदिम ज्ञानमीमांसाका स्रोत हुन् । लोकजीवनमा रहेका विश्वासबाट निर्माण भएका नेपाली लोकविश्वासमा जीवित किरात र नेपाली भाषामा स्थापित लौकिक न्यायको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

**नतिजा र विश्लेषण**

लौकिक न्याय हृदयस्पर्शी, मार्मिक कथ्य वाणी हुन् । मनुष्यले युगौँयुगदेखि अनुभव गरेका कृत्याकृत्य कर्महरू वाणीका माध्यमले परस्पर बर्षन्छन् । यसको बीज लोकसाहित्यमा भेटिन्छ । यी विभिन्न साहित्य, काव्य र भाषेतर ग्रन्थमा छरपष्ट हुँदै छरिएर रहेका हुन्छन् । यिनको उपयोग टीका टिप्पणी, समालोचना, आलोचना, समीक्षा, मीमांसा, व्याख्या, भाष्य, महाभाष्य, शङ्का, तर्क र समस्या समाधानमा प्रयोग गरिन्छन् । यस्ता महत्त्वपूर्ण घटनाहरू अरूलाई सरल र सहज तरकिाले सम्झाउन र बुझाउनका लागि कथोपकथनका सन्दर्भबाट व्यक्त गर्ने गरिन्छ । कुनै लामो अर्थलाई छोटोमा भन्नुपर्दा र विशिष्ट अर्थ गर्दा बृहत र विहङ्गम भाव बोकेका सूत्रहरू लौकिक न्यायका रूपमा निर्णय गर्ने काममा आउने गर्छन् । हेर्दा र अवलोकन गर्दा यिनको संरचना स–साना देखिन्छ तर यीभित्रका भाव बृहत् र विराट छन् । यी नौनी घिउजस्तै नरम र पहाडजस्तै उच्च, गम्भीर भाव गुम्फिने भएर रहेका हुन्छन् । लौकिक न्याय कुनै अनुभवसिद्ध विद्वान् विदुषीद्वारा एउटै काल, समय र बेलामा रचना नगरेर विभिन्न काल खण्डको विभिन्न परिस्थितिबाट उत्पन्न बुद्धिमानी व्यक्तिका भनाइहरू र जनकथनानिहरू हुन् । संस्कृत वाङ्मय लौकिक न्यायको मात्र भण्डार नभएर संसारको राजनीति, समाजनीति, अर्थनीति, धर्मनीति, दर्शन व्यवहारको नियन्त्रण र निर्देशन गर्ने चिन्तनको ढुकुटी हो । यसमा हरेक क्षेत्रलाई दिशा निर्देशन गर्ने शक्ति र सामर्थ्य रहेको छ । लोकजीवनमा घटित हुने लौकिक न्यायहरूका सूत्रद्वारा नीतिबद्ध तरिकाले नेतृत्व भूमिका निर्वाह गर्छ । यस्ता भनाइबाट बुद्धिमान व्यक्तिहरू सामाजिक जीवनलाई विचलन हुनबाट जोगाउने गर्छ भन्दछन् । उनीहरूद्वारा व्यक्त भएका जनकथनलाई लौकिक समाजले स्वीकार गर्छ र दीर्घकालसम्म बोक्दछ ।

**नेपाली लौकिक न्यायमा अभिव्यक्ति ज्ञानको सांस्कृतिक आधार**

बहुजाति, भाषा, संस्कृति र सम्पदा भएको नेपाली समाजमा ज्ञाननिर्माणको आफ्नै परम्परा छ । यस परम्पराको अन्तर्यमा नेपाली समाज र सांस्कृतिक विविधतालाई शिक्षित, व्यवहारिक, वैज्ञानिक र अनुशासित बनाउनका लागि लौकिक न्यायको भूमिका तथा तिनको सामाजिक उपादेयता अध्ययनीय विषय हुन् । नेपाली समाजमा विद्यमान संस्कृति र तिनमा स्थापित लौकिक न्यायले प्रदान गर्ने ज्ञानको विषयमा अलगअलग उपशीर्षकमा विश्लेषण गर्नु उपयुक्त ठहर्दछ ।

**संस्कृत/नेपाली लौकिक न्याय र सांस्कृतिकता**

लौकिक न्याय लोकका सुभाषित हुन् । प्राणीवीवनका प्रत्येक अवस्था, व्यवस्था, स्थिति, परिस्थितिहरूमा गरिएका कर्मको वर्णन र यससँग सम्बन्धित संस्कृति एवम् संज्ञानको प्रतिबिम्बन लौकिक न्यायमा हुने गर्दछ । प्रत्येक लोकको लाभार्थ, सतर्कता र अनुशासनको पालनाका लागि निर्देशन र प्रेरणाका साथै गलत कार्यलाई निरुत्साहनसहित रोक्नका लागि आप्त वचनको प्रस्तुति हुन्छ । पूर्वीय दर्शनले संस्कृत भाषालाई देववाणी मान्दछ । मानव, मनु र महर्षिहरूले दैवीवागन्व्याख्याताहरूका उपदेशहरू लौकिक न्यायका रूपमा युगौंयुगदेखि जीवन्त र साश्वत स्वरूपमा अस्तित्वमा छन् । लौकिक न्याय समाज र सामाजिक व्यवहारमा प्रयोग र प्रचलनमा रहेका तथा सिङ्गो सारकथनलाई प्रतिबिम्बन गर्ने महावाक्य हुन् (शर्मा, २०४८, पृ. १३८) । लौकिक न्याय समाज र संस्कृतिलाई प्रस्तुत गर्ने मानव सभ्यता र यसको विकसित स्वरूपलाई मूर्त रूप दिने आधार हुन् । यी मौखिक भाषिक अभ्यासका प्राप्ति हुन् । भाषिक व्यवहारका क्रममा व्यक्ति, समुदाय र समाजमा स्थापित भएका लौकिक न्याय टिपनटापनबाट सङ्कलन भई वाङ्मयका रूपमा सङ्गृहीत कथ्यवाणी हुन् ।

मौखिक स्वरूप हुनु लौकिक न्यायको सार्विक विशेषता हो भने यसको संरक्षक समाज हो । लौकिक न्याय समाज, संस्कृति, भाषा, भूगोलअनुसार पुस्तौंपुस्ता हस्तान्तरण भएर आउने पैतृक र अनुवांशिक सम्पत्ति हुन् । प्राचीन आर्यभाषाका रूपमा स्थापित भई जीवन र वस्तुजगत्को वास्तविक र वैज्ञानिक व्याख्या गर्ने संस्कृत वाङ्मय लेखनपूर्वका श्रुति र तिनले प्रतिबिम्बन गर्ने सांस्कृतिक जीवनको विकसित अवस्था लौकिक न्यायले प्रस्तुत गरेका छन् । पूर्वीय

वाङ्मयलाई वैज्ञानिक तुल्याउने तथा आधुनिक आर्यभाषाहरूको जननी संस्कृत भाषामा लिप्यन्तरण भएका लौकिक न्याय आर्यसभ्यता, संस्कृति र विकासलाई समृद्ध तुल्याउने आधार हुन् । लोकवाणीका रूपमा लिपि र मौखिक वाङ्मयका साथै जनजिभ्रोमा स्थापित रहेका लौकिक न्याय आर्यभाषाका गर्भबाट जन्मिएका सम्पदा र सम्पत्ति हुन् । संस्कृत भाषाबाट विकास भएका आधुनिक आर्यभाषाका अधिकतर शाखाप्रशाखामा रहेका लौकिक न्यायका आधारमा पूर्वीय संस्कृति, ज्ञान, मनीषा र प्रतिभाको अध्ययन गर्नसकिन्छ । सकल निगम र आगमशास्त्रले "मनुर्भवः" अर्थात् मानव बन भन्ने दीक्षा दिएको छ भने यसको निर्माण गर्ने आधार लौकिक न्याय नै हो ।

मान्छेले शरीर र त्यसमा प्राण प्राप्त गर्नका लागि पृथ्वी, जल, तेज, वायु र आकाशरूपी पञ्चतत्त्वको अपरिहार्यता रहन्छ । यी पञ्चतत्त्व नै जीवन सिर्जना गर्ने आधार हुन् । मानवको उत्पत्ति र विकाससँगै भाषा मानव मात्रका लागि सिर्जना भएको वस्तु हो । मानवसृष्टिसँगै भाषाको सृष्टि भएपछि मानवीय व्यवहार र विचार विनिमयले सार्थक रूप प्राप्त गरेको हो । भाषाले मानवीय विचार र त्यसमा अन्तर्निहित संवेदनाको आदानप्रदानसँगै विकास भएको सभ्यता र संस्कृतिको सुदीर्घ परम्परालाई निर्देशित गरेको छ । लौकिक न्याय मानव विचार र त्यसको क्रयशक्तिलाई एकअर्कासँग जोड्ने र समुदाय हुँदै समाज र संस्कृतिको निर्माण गर्ने वस्तु भएकाले यसमा मान्छेका अनुभव, अनुभूति, विश्वास र मान्यता स्वतः समाहित हुने विषय नै भए । मानव मनोविज्ञानमा विद्यमान विविधतापूर्ण भाव, तिनको आरोह–अवरोह, लाभ–हानी, हित–अहित, उपकार–परोपकार–प्रत्युपकार, धर्म–अधर्म, समानता–असमानता, शिक्षा–अशिक्षा, संस्कृति–विकृतिजस्ता अनेकौं द्वन्द्वात्मक विषयको उत्पादनसँगै लौकिक न्यायका विषय स्थापित हुनपुग्दछन् । समाजमा अवशिष्ट असमानता र द्वन्द्वको नियमन गरी त्यसलाई न्यूनीकरण गर्न आविष्कार भएका भाषिक कथन लौकिक न्याय हुन् । समाजमा छरिएर रहेका लौकिक न्यायको सान्दर्भिकता मानव सभ्यता विकासको आरम्धदेखि वर्तमानसम्म उत्तिकै सारपूर्ण छ ।

लौकोक्तिले समाजलाई सुसंस्कृत, सभ्य र नियन्त्रित अनुशासनमा रही जीवन बाँच्न र व्यवहार गर्नका लागि निर्देश गर्दछन् । लौकिक न्याय जीवनलाई चिरञ्जीवी बनाउनु छ भने लोकपवादबाट बच्नुपर्छ भन्छ । 'कुर्वन्तेवेह कर्माणि जिजीविषेत् शतंसमा, मा गृधः कस्यस्विद्धनम्, अहरहः देवमुपासित्' (शर्मा, नेपाल, २०७०, पृ. १२६) । अर्थात् यस लोकमा कर्म गरेको कार्यै गरेर सयबर्ष पर्यन्त जीवन बाँच्ने कामना वा इच्छा गर । जन्म हुनुपूर्वदेखि नै मान्छे मानवीय कर्मसँग जोडिएको र बाँधिएको छ । गर्भाधान, जन्म, नामाकरण, उपनयन, विवाह, गाह्र्यस्थसँग जोडिँदा कसैको धन र श्रममा लालच नगर, दिनरात देवमुपासना गर भन्ने वाणी लौकिक न्याय हो । प्राचीन वाङ्मयमा लिप्यन्तरण भएका यसप्रकारका वाणी जनजीवन र जनजीविकालाई निर्देशित गरी अनुशासित जीवन निर्वाह गर्नका लागि प्रेरणा र निवृत्त हुन निर्देशित गर्ने महावाक्य हुन् ।

लौकिक न्याय समाज र संस्कृतिसापेक्ष मानवीय आचरण र व्यवहारलाई स्थापित गर्न मार्गदर्शन गर्ने आधार हुन् । लोकका उक्ति एवम् लौकिक न्यायका विषयमा शेषावतार पतञ्जलिको यस कथनमा मानवीय कर्तव्य र दायित्वका साथै मान्छे हुनुको वास्तविकता प्रस्तुत भएको छ । यस सन्दर्भले एक शब्द राम्रोसँग जानेर प्रयोग गरियो भने एहिलौकिक सुखको भोग गरिसकेर मृत्युपर्यन्त पनि स्वर्ग वा मोक्षको प्राप्ति हुने मानवोचित् आचरण र जीवनको सार प्रस्तुत गरेको छ । 'उत्तिष्ठतः जाग्रतः प्राप्यवरान्निबोधतः (विवेकानन्द, सन् २०१४, पृ. ५७) । यस सन्दर्भले उठौं जागौं र प्राप्त वरलाई बोध गरौं भन्ने कथ्यसन्देशमार्फत् मान्छे मान्छे हुनुको तात्पर्यका साथै आफ्नो उत्तरदायित्वका लागि सचेत हुनुपर्ने दृष्टान्त प्रस्तुत गरेको छ । 'न त्पयं कामये राज्यं न स्वर्ग न पुनर्भवम् (तिवारी, सन् २०१५, पृ. ६४) । यस सन्दर्भले मानव जाति हुनुको गौरवलाई मरेर स्वर्गको कामनाभन्दा यही धर्तीमा पुनर्जन्मको एषणालाई प्रकट गरेको छ । महात्मा गान्धीका अनुसार 'अहिंसा परमो धर्मः' जस्ता कथनका अन्तर्यमा रहेको सारतत्त्व मानव जीवन र संस्कृतिलाई दिग्दर्शन गर्ने लौकिक न्याय हुन् । यी न्यायको उपयोग बृहत्तर ज्ञानमीमांसा र सामाजिक न्यायिक कार्यसम्पादन दुबै प्रयोजनका लागि उपयुक्त, उपयोगी र सारपूर्ण कार्यमा हुनेगर्दछ ।

लौकिक न्याय जीवनको लामो र सार्थक जीवनपद्धतिका द्योतक एवम् लोकअनुभवबाट निर्माण र निर्देशित महान् कथन हुन् । जीवन भोगाइ र यसको आरोह–अवरोहको सामना गरी लोकहित एवम् संस्कृति सम्बद्र्धनमा जीवन समर्पण गर्ने महापुरुष र तिनको जीवनोचित् अनुभवको प्रस्तुति लौकिक न्यायका रूपमा अभिव्यञ्जित हुन्छन् । वर्तमान आधुनिक र अत्याधुनिक युग र भूमण्डलीकरणका कारण निर्मित विश्वग्रामको अवधारणामा पनि 'सत्यमेव जयते', सञ्चारक्षेत्रमा 'अहर्निशं सेवामहे', सुरक्षाक्षेत्रमा वीरभोग्या वसुन्धरा' शिक्षाक्षेत्रमा श्रुतं मे गोपाय, विद्ययाऽऽमृतमश्नुते जस्ता लौकिक न्यायको सशक्त उपस्थिति छ ।

**किरात लौकिक न्यायमा ज्ञानको सांस्कृतिक आधार**

बहुभाषिक र सांस्कृतिक संरचनाबाट राष्ट्रियताको निर्माण भएको नेपाली सन्दर्भमा लोकजीवन र यसलाई सत्मार्गदर्शन गर्ने लौकिक न्यायका विशिष्ट अभिव्यक्ति सुरक्षित छन् । प्राकृत किरात दर्शनको मौखिक अभिव्यक्ति मुन्दुममा समाज विकासको महत्तम प्राप्ति ज्ञानमा नै निर्भर रहेको कथ्य लौकिक न्यायको प्रमाण हो । किरात दर्शनको आदिम मौखिक परम्परा अद्यापि सुरक्षित र पुस्तान्तरण भइरहेको विषय हो । मौखिक र श्रुतिमा सदियौंदेखि वर्तमानसम्म हस्तान्तरण भएको मुद्दुम किरात, सभ्यता, संस्कृति, ज्ञान–विज्ञान र दर्शनको आदि स्रोत हो (उत्तमसिंह राई बर्ष ४६ सँगको अन्तर्वार्ता, २०८०) । किरात समाज र संस्कृति आदिग्रन्थ मुद्दुमबाट निर्देशित छ भने यसले स्थापित गरेका मान्यता यस सभ्यता र संस्कृतिका पथप्रदर्शक हुन् । किरात मुद्दुमको अन्तर्य यसको प्रचीनतासँग जोडिएको छ । जगत्को सृष्टि कसरी भयो ? जगत्मा जीवनको प्रवेश कुन रूपमा भयो तथा जीवनको वास्तविक तथ्य के हो भन्ने विषयको सारभूत पक्ष किरात मुद्दुममा विस्तारपूर्वक व्याख्या भएको छ ।

किरात दर्शनमा जीवनजगत्को प्रतिबिम्बन र वस्तुताको व्याख्या 'होप्माछाम' शीर्षकको गाथामा भएको छ । जीवन प्रकृति निर्दिष्ट निर्माण, सञ्चालन र अन्त्य हुने नश्वर वस्तु हो भने यसलाई सार्थक र प्राणीजगत्का लागि हितकर तुल्याउने दायित्व मान्छेले निर्वाह गर्नुपर्छ भन्ने केन्द्रीय सन्देश 'होप्माछाम'को अन्तर्वस्तु हो (कमलजङ राईसँगको कुराकानी, २०८०) । होप्माछामले नश्वर जीवनलाई दुःख, पीडा, शोक, सन्ताप, अभाव, दैन्य, कष्ट, विषाद्जस्ता विषयबाट पार्थक्य लिई आनन्दित, सुखी र गीतजस्तै पिउनु अर्थात् उपभोग गर्नुपर्छ भन्ने मान्यता स्थापित गर्दछ भने किरात दर्शनमा यसले निर्धारण गरेको ज्ञानको गहिरो प्रभाव छ । होप्माछाम किरात दर्शन र जीवनपद्धतिलाई नियन्त्रित र प्रकृत जीवनका लागि निर्देशित गर्ने ज्ञानको सञ्चयन हो (प्रकाश राईसँगको कुराकानी) । किरात सभ्यता र त्यसको मूलभूत पक्षलाई प्रस्तुत गर्ने 'होप्माछाम' मुद्दुमको महत्त्वपूर्ण अंश हो । जीवन र जगत्लाई उच्चकोटिको तुल्याउने ज्ञानमीमांसा प्रस्तुत गर्ने 'होप्माछाम' किरात सभ्यतामा रहेका असीमित ज्ञानको सञ्चयन हो । यस कृतिमा अभिव्यक्त दृष्टिकोण नेपाली समाज, संस्कृति र सभ्यतालाई दिग्दर्शन गर्ने श्रुतिमा अस्तित्व प्राप्त गरेका विषय हुन् ।

किरात मुद्दुममा उठान भएको महत्त्वपूर्ण विषय ज्ञान र यसले दिग्दर्शन गर्ने जीवनदर्शन नै हो । किरात संस्कृति र दर्शनमा मानवजीवनका लागि ज्ञानको सर्वोपरिता प्राथमिक सर्त रहेको छ । मुन्दुम (मुद्दुम) अन्तर्गत 'मन्' को तात्पर्य मुना' अर्थात् मान्छे र दुमको अभिप्राय कुरा वा सिधा अर्थमा मान्छेसँग प्रत्यक्ष जोडिएको सीधा विषय हो (अधिकारी, २०७४, पृ. १५) । मानव जीवनसँग सम्बन्धित प्रत्यक्ष भएका विषय वा दर्शन नै मुद्दुमको अभिप्राय हो । जीवनजगत्मा देखिने, भोगिने, उपभोग गरिने, अनुभव, अनुभूति र जीवनको समग्रतासम्बन्धी चक्षुग्राह्य, स्पर्शग्राह्य, श्रोतृग्राह्य विषयको सारपूर्ण अभिव्यक्ति मुद्दुममा अभिव्यक्त भएका छन् । किरात संस्कृतिलाई जीवन्त राख्ने मुद्दुममा आएका अभिव्यक्ति सारपूर्ण छन् । प्रकारान्तरले मुद्दुम लौकिक न्याय र निर्माणको किराती संस्कृति र सभ्यतामा स्थापित ज्ञान र सांस्कृतिक स्रोत हो । यस मुद्दुम ग्रन्थले मानव सभ्यता, संस्कृति र उच्च–उदात्त राख्नका लागि ज्ञानको अपरिहार्यता र औचित्यलाई प्राथमिक विषयका रूपमा उठान गरी त्यसको महत्त्व स्थापित गरेको छ ।

किरात मुद्दुममा ज्ञान मानवजीवनका लागि मार्गदर्शन गर्ने माध्यमका साथै यसले नै मान्छेलाई मान्छे हुनुको बोध गराई अन्य प्राणीभन्दा विशिष्ट चेतनायुक्त तुल्याउने सन्दर्भमा यस विषयलाई प्राथमिक आवश्यकताका रूपमा प्रस्तुत गरेको

छ । किरात मुद्दुमले ज्ञानको परिभाषा, महत्त्व र सारतत्त्वलाई  लागि "ताया पुक्खा बुम्छुरु तायामि सेलेन्टायु, बोक्तोङ्गी थेमयोङ्ला छिलामुहुत्तु तायामिया" (कमलजङ राई, ट्याम्केमैयुङ –४, नागीसँगको अन्तर्वार्ता) भनेर परिभाषित गरेको छ । यस सन्दर्भको नेपाली रूपान्तर मस्तिष्क र यसको स्वचालित प्रणालीमा उत्पन्न हुने ज्ञानलाई ज्ञानीजन अज्ञानलाई नष्ट गरी उज्यालो प्राप्तिका लागि प्रकाशित गर्दछन् । अज्ञानी लक्ष्य र दिशाविहीन भएर भौंतारिइरहेका हुन्छन् भने ज्ञानीजनले तिनलाई अज्ञानताबाट ज्ञानतर्फ दिग्दर्शन गर्नुपर्छ । ज्ञान, अज्ञान, ज्ञानी, अज्ञानी, ज्ञान र अज्ञानको मार्ग तथा ज्ञानी हुनुको अभिप्राय र भूमिकाका आधारमा समाजलाई दीक्षित गर्ने प्रस्तुत सन्दर्भ किरात दर्शनलाई प्रतिबिम्बन गर्ने मुद्म्को सारपूर्ण लौकिक न्याय हो । मान्छेलाई निष्ठा र आदर्शसहित लोकहित र परोपकारमा लाग्न प्रेरित गर्दै मान्छेमा त्यस्तो गुण र क्षमता निर्माणका लागि अन्धकाररूपी अज्ञानता र भूमपूर्ण जीवनलाई परिहार गर्दै ज्ञानको मार्ग खोज्न, ज्ञानलाई ग्रहण गर्न र त्यसको वास्तविकतालाई बोध गरी त्यसकै मर्मअनुसार जीवनजगत्लाई मार्गदर्शन गर्ने प्रेरित गरेको छ । जीवनका लागि ज्ञान, ज्ञानी र त्यसको सामाजिक रूपान्तरण गरी समाज विकासको समग्रतालाई खोज्नुपर्ने कथ्यसन्देश दिने मुद्दुममा प्रस्तुत दर्शन किरात समुदायका लागि मात्र नभई समग्र नेपाली संस्कृतिको अन्तर्वस्तु हो ।

नेपाली समाजको मूलभूत विशेषता भन्नु नै यसको सांस्कृतिक विविधता हो । नेपाली समाजको संरचना आर्य र मङ्गोल संस्कृतिको अन्तर्मिश्रणबाट भएको छ । नेपाली समाजमा दक्षिणी प्रभावका कारण उत्पन्न सनातन धर्मसँग सम्बन्धित मान्यता विश्वास र प्रथा–परम्पराको भ्रष्टीकरणका अतिरिक्त अन्य विषयमा प्राकृत दर्शन र सनातन संस्कृतिको अन्तर्सम्बन्ध अभेद्य छ । यो नेपाली समाज र यसमा अवस्थित संस्कृतिको सुन्दर र सहिष्णु मार्ग पनि हो ।

**नेपाली लौकिक न्यायमा अन्तर्वस्तुगत समानता**

बहुभाषिक र सांस्कृतिक स्वरूप भएको नेपाली सामाजिक सभ्यताको विकासमा किरात सभ्यताको भूमिका विशेष छ । नेपाली समाजको सांस्कृतिक निर्माणका सन्दर्भमा किरात संस्कृतिको महत्त्वपूर्ण भूमिका छ । प्रकृति जीवनको मूल हो भन्ने ज्ञानमीमांसा भएको यस सभ्यता तथा संस्कृतिमा ज्ञानको विशिष्ट परिभाषा प्राप्त छ । ज्ञान र ज्ञानी जन नै उच्चतम विकसित समाजका आधार हुन् भन्ने श्रुति किरात ज्ञानमीमांसालाई उच्च र उदात्त संस्कृति भएको सभ्यता हो भन्ने तथ्यको प्रमाण नै हो । संस्कृत भाषाका माध्यमबाट नेपाली भाषामा स्थानान्तरण भएका लौकिक न्यायमा अभिव्यक्त जीवन, जगत् र मान्छेका लागि ज्ञानको आवश्यकता र औचित्यसम्बन्धी धारणा किरात भाषा र संस्कृतिलाई स्थापित गर्ने लौकिक न्यायमा प्राप्त हुनु ज्ञानसम्बन्धी अर्वाचीन पद्धति र तद्विषयक लामो संस्कृतिको परिचायक हो । प्राचीन संस्कृत वाङ्मयमा ज्ञानको महत्त्व र यसको मानवीय प्रयोजनका सम्बन्धमा प्रस्तुत अवधारणा तथा किरात दशृनमा यही विषयको स्थापनाका लागि प्रस्तुत दृष्टिकोणमा कुनै पनि दृष्टिले असमानता छैन । प्राचीन भाषाका रूपमा आधुनिक भाषाकै सापेक्ष श्रित, वाङ्मय, साहित्य, व्याकरण र शब्दकोशसमेतको रचना भएको संस्कृत भाषा र त्यसबाट विकसित भई यसका अधिकतर विशेषता अङ्गीकार गर्ने आधुनिक भाषामा विस्तार भएको ज्ञानसम्बन्धी अवधारणा प्रकृति दर्शन र जीवनका लागि प्राकृतिक उपासनाको औचित्यलाई संस्कृतिका रूपमा अङ्गीकार गर्ने किरात दर्शनमा अभिव्यक्त दृष्टिकोणमा समानता पाइनु ज्ञानसम्बन्धी विषय र विचारमा एकरूपता नै हो भन्ने प्रमाण हो ।

ज्ञान मान्छेलाई असचेतताको अन्धकारबाट उज्यालो मार्गतर्फ प्रवृत्त गराउने निर्विकल्प माध्यम हो । ज्ञान बिनाको मान्छे जड हो भने जडलाई चेतनमा परिवर्तन गर्नका लागि ज्ञान र ज्ञानीको आवश्यकता रहने तथ्यमा नेपाली लौकिक न्यायको समान धारणा छ । नेपाली सांस्कृतिमा दुई भिन्न सांस्कृतिकताको प्रतिनिधित्व गर्ने आर्य र किरात संस्कृति तथा तिनलाई नियमन गर्ने अर्वाचीन मान्यतामा समान अवधारणा प्रस्तुत हुनु आफैंमा संयोग मात्र नभई मानवीय संस्कृति जाति, भाषा, क्षेत्र र भूगोलसापेक्ष वस्तु नभई यो नितान्त मानवीय सम्पत्ति हो भन्ने तथ्यलाई पुष्टि गर्ने आधार पनि हो । सांस्कृतिक अध्यात्म तथा लोकविश्वासका दृष्टिले दुई भिन्न दर्शनको प्रतिनिधित्व गर्ने किरात र आर्यलर्शनमा ज्ञानसम्बन्धी वाणीमा समानता पाइनु आदिम कालमा मान्छेले आविष्कार गरेको संज्ञानगत समानता नै हो । नेपाली भाषा र किरात भाषामा भएका भएका शब्द, तिनले संवहन गर्ने सन्दर्भ, तिनमा प्रतिबिम्बन भएका संस्कृति तथा तिनले दिशानिर्देश गर्ने जीवनदर्शनको पक्ष

पृथक् भए पनि मान्छेका लागि ज्ञानको अपरिहार्यता र यसको औचित्य मानव सभ्यता विकासको आलि कालदेखि वर्तमानसम्म समान र एकार्थी अभिव्यक्तिमा आधारित छ । किरात दर्शनले प्रस्तुत गरेको ज्ञानको परिभाषा र आर्य दर्शनले प्रस्तुत गर्ने ज्ञानको परिभाषाको प्राचीनताका सम्बन्धमा गरिने अध्ययनको पाटो अलग भए पनि सांस्कृतिक दृष्टिले यी दुई भिन्न संस्कृतिमा एकै अर्थको अभिव्यञ्जना हुनुको अभिप्राय मानव सभ्यता विकासको इतिहासमा ज्ञानको सर्वोपरिता सदैव रहने तथा यसका विषयमा जुनसुकै भाषा, जाति, संस्कृति, सभ्यता वा भूगोलमा पनि समान अवधारणा छ भन्ने तथ्यको पुष्टि हुन्छ । नेपाली सांस्कृतिको बहुलताभित्र रहेका अनेकौं विषय र सांस्कृतिकता प्रतिबिम्बन भएका लौकिक न्यायको अध्ययन गरी तिनका बीचको समानता र भिन्नताको अध्ययन गर्नुपर्ने आवश्यकता रहे पनि नेपाली लौकिक न्यायको अन्तर्वस्तु समानाथी र समान सन्दर्भको अभिव्यञ्जना भएका छन् भन्ने तथ्यको पूर्वानुमान किरात र संस्कृत भाषामा प्राप्त प्रमाणबाट प्राप्त हुने अन्तर्वस्तुगत समानता हो ।

**निष्कर्ष**

समाजमा ज्ञानविज्ञान र समाजव्यवस्थालाई दिशानिर्देश गर्ने लौकिक न्यायको जीवन्त भूमिका छ । सूक्तिप्रधान लौकिक न्यायमा अवशिष्ट सारपूर्ण कथनका माध्यमबाट सर्वत्र, अध्र्दश, पूव्र्यंशका रूपमा सुभाषित अझ भनौ लौकिक न्यायमूलक अभिव्यक्तिको प्रयोग हुनु यसको लोकजीवनसँगको सम्बन्ध र ज्ञानका दृष्टिले सर्वोच्चताको प्रमाण हो । लौकिक न्यायको सामाजिक र सांस्कृतिक प्रयोगले अभिव्यक्तिगत गहिराईका साथै कथ्यको प्रभावकारितालाई लोकमानससँग जोड्न अहम् भूमिका खेल्ने भएकाले यसको सिर्जनात्मक मूल्य पनि सशक्त छ । साहित्यको सिर्जना गर्ने वाणीपुत्रहरूका लागि लौकिक न्यायको उपयोग मान्छेका लागि सौन्दर्य प्रसाधक सामग्री र परिधानवत् सुन्दर व्यक्तित्व दिने अलङ्कार र विभूषण हुन् । भाषिक प्रयोगका सन्दर्भमा लौकिक न्याय भाषा प्रयोगको समाज र संस्कृतिलाई सुरक्षित राख्ने कवच हुन् ।

लौकिक न्याय नेपालका भाषामा लेख्य र मौखिक सम्पदाका रूपमा जीवन्त, जीवित र शक्तिशाली अभिव्यक्ति र ज्ञानमीमांसाका रूपमा अस्तित्वमा छन् । नेपाली भाषामा स्थापित लौकिक न्याय मातृभाषाबाट पुस्तान्तरण भएर आएका छन् । संस्कृत भाषाका प्राचीन, लौकिक र कलात्मक साहित्यको युगमा लिप्यन्तरण भएका लौकिक न्यायको स्रोत वेद, पुराण, उपनिषद्, स्मृति, नीति शास्त्रादिमा विकीर्ण अमृततुल्य विस्तारित र वितरित छन् । यी प्राचीन लौकिक न्याय जीवनजगत्लाई उच्च, उदात्त र व्यवस्थित नैतिक जीवन बाँच्नका लागि मार्गदर्शक हुन् । मानव जीवनको प्रत्येक अवस्था, व्यवस्था, स्थिति, परिस्थितिका करनीय कर्मको पूर्ण वा आंशिक पक्षलाई नियमन गर्ने विशेषताबाट सज्जित छन् ।

संस्कृति र सांस्कृतिक आधार निर्माण समाज र यसको गतिशीलता तथा यी विषयलाई सम्पदाका रूपमा संरक्षण र पुस्तौंसम्म अविश्राम व्यवहार गरिने माध्यम श्रुति हो । श्रुतिका माध्यमबाट हस्तान्तरण भएका मान्यता, लोकविश्वास तथा तिनमा अन्तर्निहित संज्ञानको अनुशरण परम्परा र संस्कृतिलाई सम्बद्र्धन गर्ने आधार हुन् । समाजमा अस्तित्वमा रहेका संस्कृति मानवीय सभ्यताका परिचायक तथा एकअर्कामा भिन्न रहेर पनि समाजलाई अभेद्य तुल्याउने विश्वास हुन् । संस्कृतिको सुदीर्घ अभ्यासबाट कथन तथा बृहत्तर ज्ञानलाई अभिव्यक्त गर्ने सामर्थ्य भएका सूक्ति, लौकिक न्याय सार्विक उपस्थिति रहेको नेपाली समाजमा जाति, भाषा र संस्कृतिसापेक्ष स्थापित ज्ञानराशिको खोजअन्वेषण तथा तिनको संरक्षणका लागि सबैको समान उत्तरदायित्व छ ।

**सन्दर्भ सामग्रीसूची**

अधिकारी अनिल (२०७४). टक्सार क्षेत्रमा प्रचलित संस्कृति र लोकसाहित्यको अन्तर्सम्बन्ध'. सहयात्रा १(१), पृ. ८–२० ।

आप्टे, वामन शिवराम (सन् २००७). *संस्कृत–हिन्दी कोश* (सातौं संस्क.). दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स प्रा. लि. ।

तिवारी, उमेशदत्त (सन् २०१५). *महामना की आत्मकथा*, महामना मालवीय फाउन्डेसन ।

रेग्मी, ऋषिकेशराज. (२०३५). *एक श्रोत तीन धारा*. साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान*, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

शर्मा नेपाल, वसन्तकुमार (२०७०). *उपनिषद्सङ्ग्रह*, शब्दार्थ प्रकाशन ।

स्वामी, विवेकानन्द (सन् २०१४). *व्यक्तित्व का विकास*, ब्रह्मस्थानन्द रामकृष्ण मठ ।

Bhatia. V. K. (2008). 'Towards critical genre analysis'. *Advanced in discourse studies*, (Edt.). V. K. Bhatia, John Flowerdew & Rodney H. Jones, Routledge, pp 166-177.

Bhatia. V. K., John Flowerdew & Rodney H. Jones (2008). 'Approaches to discourse analysis'. *Advanced in discourse studies*, (Edt.). V. K. Bhatia, John Flowerdew & Rodney H. Jones, Routledge, pp 1-18.

Diwasa, T. Bandhu, C. M., and Nepal, B. (2007). *The intangible cultural heritage of Nepal: Future directions*. UNESCO Kathmandu Office.

Sykes, J. B. (Ed.). (1982). *The Concise Oxford Dictionary of Current English* (9th ed.). Oxford University Press.

**अन्तर्वार्ता र कुराकानी**

राई, उत्तमसिंह (२०८०). किरात मुन्दुमका विषयमा लिइएको अन्तर्वार्ता ।

राई, कमलजङ (२०८०). किरात मुन्दुमका विषयमा लिइएको अन्तर्वार्ता ।

राई, प्रकाश (२०८०). किरात मुन्दुमका विषयमा लिइएको अन्तर्वार्ता ।